# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan









वर्ष १८, अंक ७, २०८१ चैत्र १-१५

Vol. 18, No. 7, March 16-31, 2025


# मुलुक पुरानो अवस्थामा फर्कन संभव छैन

❑ नेस डेस्क

काठमाडौं - मोहनविक्रम सिंह नेपाली कम्युनिस्ट आन्दोलनका एक धरोहर मानिन्छन् । राजनीति, दर्शनशास्त्र, इतिहास, साहित्यजस्ता धेरै विधामा दुई दर्जनभन्दा बढी पुस्तक लेखिसकेका उनी वैचारिक र दार्शनिक पक्षमा धाराप्रवाह बोल्न सक्छन् । ८९ वर्षमा हिड्दै गरेका नेकपा मसालका महामन्त्री सिंह लेखपढमा पनि त्यत्तिकै सक्रिय छन् । उनको पछिल्लो उपन्यास 'कामरेड जलजला' बजारमा आएको छ । यो उपन्यासले विश्व र मानव समाजलाई दार्शनिक प्रकारले बुझ्ने प्रत्यत्न गरेको लेखक बताउँछन् । उनै सिंहसँग पछिल्लो कृति जलजला र समसामयिक राजनीतिक विषयमा नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंश :-



मोहनविक्रम सिंह
महामन्त्री, नेकपा (मसाल)

**तपाईंलाई साहित्यकार भनेर चिनौं कि राजनीतिज्ञ ?**

सुरूदेखि नै मेरो राजनीति र साहित्य दुवै कुरामा रूचि थियो । राजनीतिमा २००७ सालमा आएँ । त्यतिबेलादेखि नै मेरो साहित्यप्रति रूचि छ । त्यसैले मेरा दुवै धाराहरू जीवनमा सँगसँगै अघि बढ्ने गरेका छन् । त्यस अर्थमा मलाई कुन रूपमा चिन्ने भन्ने कुरा पाठक र समालोचकहरूमाथि निर्भर रहने कुरा हो । उपन्यास जलजला बजारमा आएपछिको प्रतिक्रिया उत्साहवर्द्धक छ । धेरैतिरबाट समर्थन प्राप्त भएको छ । राजनीतिक सहकर्मी वामपन्थीहरूबाट र अर्कोतिर साहित्यकारहरूबाट पनि उत्साहजनक समर्थन प्राप्त गरेको छु ।

**जलजला उपन्यासको कथावस्तु र मूल सन्देश के हो ?**

यसमा सुरूमै लेखिएको छ, यो प्रेमको कथा हो । त्योभन्दा पनि विश्वको दर्शन हो । यसमा दुवै पक्ष समावेश भएपछि प्रेमका सम्बन्धमा यस उपन्यासले उच्च रूपमा व्याख्या गरेको छ । उपन्यासमा भनिएको छ, संसारमा सबैभन्दा उच्चतहको प्रेम भनेको आमाले सन्तानलाई गर्ने हो । त्यो प्रेम नै संसारको सर्वश्रेष्ठ प्रेम हो । किनभने आमाले आफ्ना सन्तालाई प्रेम कुनै स्वार्थ वा कारणले होइन, नि:स्वार्थभावले काम गर्छन् । जुन प्रेम नि:स्वार्थभावले गरिन्छ, त्यो नै सर्वश्रेष्ठ हो । त्यसका साथै प्रेमी- »» बाँकी पृष्ठ ७ मा

## जापानब्यापी माबिस्तरिय फुटबलमा गुन्मा पहिलो
# विजयी टिममा नेपाली खेलाडी पनि

❑ नेस डेस्क

टोकियो - कुनैबेला नेपालमा हुने अन्तर माद्यामिक विद्यालय स्तरिय खेलकुद प्रतियोगिता 'बीरेन्द्र शिल्ड' को झल्को दिने अन्तर माद्यामिक विद्यालय स्तरिय फुटबल प्रतियोगिता जापानमा पनि हुने गर्दछ । जापानमा रहेका ४७ प्रिफेक्चर र टोकियो थप एक समेत गरी हरेक प्रिफेक्चर भित्र रहेका माद्यामिक विद्यालयहरू बीचको प्रतिस्पर्धाबाट बिजयी हुने ४८ टिम बीच गत जनवरीमा भएको फाइनल प्रतिस्पर्धामा गुन्मा टिमले बाजी मारेको हो ।

गुन्मा प्रिफेक्चरमा रहेका ७७ वटा माद्यामिक विद्यालयहरूबीच भएको प्रतिस्पर्धामा बिजयी भई गुन्मा प्रिफेक्चरकै टिमबाट खेल्ने अवसर पाएको मायाबासीस्थित इकुयइ माद्यामिक विद्यालयले जापानभरिकै माद्यामिक विद्यालयहरूलाई पछाडि पार्दै जापान टप बन्न सफल भएको हो । जापानभरिमा कुल ३ हजार ८ सय वटा माद्यामिक विद्यालयहरू छन् ।

जापान टप बन्न सफल विद्यालयका स्पोर्टस टिचर चुतोमु साकुराईले नेपाली समाचारसंग कुरा गर्दै भने - 'हाम्रो इकुयइ हाइस्कुल मायाबासी टिमले गुन्मा प्रिफेक्चरभरिका सबै हाइस्कुलहरूलाई परास्त गर्दै अन्य ४७ वटा प्रिफेक्चरल टिमहरूसंग प्रतिस्पर्धा गर्ने अवसर पाएको थियो, त्यसमा पनि हामीले शानदार जित हासिल गर्न सफल भएका छौं । जापानभरिकै हाइस्कुलबाट सर्बश्रेष्ठ बन्न पाउँदा खुशी लागेको छ ।'




यहाँनेर एउटा सुखद संयोग त के भने उक्त जापान टप हुन सफल मायाबासी फुटबल टिममा १ जना खेलाडी नेपालीको छोरा पनि रहेको खुल्न आएको छ । उनी हुन् - ताकेनोया युगा सुबेदी । यो सूचना पाएलगत्तै सुबेदीको सम्पर्कसूत्र पत्ता लगाई उनका क्लास टिचर समेत रहेका विद्यालयका स्पोर्टस् टिचर साकुराईको सहयोगमा उनलाई भेट्न गुन्माको ताकासाकी पुग्दा सुबेदी आफ्ना अर्का गुरू हिरोआकी माचुशिताबाट फुटबलको प्रशिक्षण लिईरहेका थिए । खेल मैदानमै भेटेर कुराकानी गर्दा उनी माद्यामिक तहको दोस्रो वर्षमा अध्ययनरत रहेछन् । तीन सन्तान मध्य जुम्ल्याहा दाजुभाइमा जेठो सन्तान »» बाँकी पृष्ठ ७ मा










## सम्पादकीय

# जापानमा जान्नैपर्ने टिप्स

भविष्य बनाउन जापान आएका हामी नेपालीहरू वा जो कोही विदेशीले यहाँको दैनिक जीवन यापनका आधारभूत नियम पालना गर्नु पहिलो कर्त्तब्य हो । जापानमा पाईला टेकेकै दिनदेखि काम लाग्ने ब्यवहारिक विषयमा हामी अग्रिम जानकार हुन सक्यौं भने सुरूको दिनदेखि नै जापानको दैनिकीलाई ब्यवस्थापन गर्न सहज हुन्छ । यहाँको पहिलो खुड्किलो भनेको जापानी भाषा हो । उनीहरूको देशमा आफ्नो भविष्य खोज्न आएका हामीलाई हाम्रो सजिलोका लागि उनीहरूले अंग्रेजी बोलिदिए हुन्थ्यो भन्ने अपेक्षा गर्नु सरासर गलत हो । तसर्थ जति सकिन्छ हरसंभवका उपायहरू लगाएर जतिसक्दो भाषा राम्रो बनाउने प्रयत्न नियमित जारी राख्नु सबैभन्दा बुद्धिमानी हो । भाषासंगै जापानमा शिष्टाचारका पनि आफ्नै नियम छन् । घरपरिवारभित्र होस् वा आफ्नो अफिसभित्र बोलिने भाषा र बाहिर अतिथि वा ग्राहकसंग प्रयोग हुने भाषा र ब्यवहारबीच हुने फरकपन बारे पनि खास भेउ पाउन सकियो भने जापान बसाईलाई सहज बनाउन थप मदत पुग्छ ।

एउटै हिउँदले जापान बुझ्न सकिदैंन । जापान बुझ्न समय लाग्छ । सतही बुझाईले खास जापान बुझिदैन । जापान भोगाईका अनेकन चरण र पार गरेका थुप्रै गल्छेडाहरूबाट के ठोकुवा गर्न सकिन्छ भने जापान यत्तिकै जापान भएको होइन रहेछ । जहाँ जहिले पनि आफुलाई सबैभन्दा तल राखेर अतिथि वा ग्राहकलाई महशुस हुने गरी उच्च स्थानको सम्मान र हैसियतको ब्यवहार गर्ने जापानको सँस्कार साँच्चिकै लोभलाग्दो छ । कक्षा कोठामा होस् वा कार्यक्षेत्र हरेक ठाउँमा अग्रजप्रतिको सम्मान र अनुजप्रतिको सद्भाव अनुकरणीय त छ नै हरेक दिन नयाँ नयाँ कुरा सिक्ने जिज्ञासु कल्चरले पनि हरेक ब्यक्तिलाई पारङ्गत र परिपक्व बनाउने गरेको हामीले नजिकबाट अनुभव गर्न सकिन्छ । हामी नेपालीहरूले पनि सिक्नैपर्ने यो अर्को महत्वपूर्ण पाटो हो ।

जापानमा यो मार्च महिना हरेक हिसाबले महत्वपूर्ण मानिन्छ । आर्थिक वर्ष र शैक्षिक सत्रको समापन हुने यसै महिनामा आफ्नो पढाई पूरा गरेका हजारौं युवायुवतीहरूले अर्को महिना अप्रिलदेखि जागीरे जीवन सुरू गर्दैछन् । जीवनको अर्को नयाँ अध्याय प्रारम्भ गर्दै गरेका ठूलो सँख्याका यी युवापुस्ताको आगमनले जापानको अर्थतन्त्रमा पनि उत्तिकै महत्व राख्ने अपेक्षा गरिएको छ । कम्पनीमा नवप्रवेशीहरूलाई स्थायी कर्मचारीकारूपमा जिम्मेवार र कामकाजी बनाउन हरेक वर्ष कम्पनीहरूले उत्तिकै महत्व दिने गरेको पाईन्छ । टेलिफोन रिसिभ गर्ने सामान्य तरिकादेखि टेलिफोन संवादशैली, विजनेश मिटिङ एरेञ्ज, मिटिङमा सहभागीहरूका लागि प्रोपर सिट ब्यवस्थापन, ग्राहकसंग पहिलोचोटी भेट्दा गरिने अभिवादन र स्वागत-सत्कार, भिजिटिङ कार्ड आदान-प्रदान गर्ने तरिका, ग्राहकको विदाई, विजनेश इमेल आदान-प्रदान लगायतका विषयमा उनीहरूलाई अत्यन्त सुक्ष्मढंगले सिकाईन्छ । उसो त उनीहरू आफ्नो अध्ययनकै क्रममा यस्ता विषयमा आधारभूत ज्ञान लिईसकेकै हुन्छन् तथापि कम्पनीले आफ्नो तर्फबाट पुनः यस्ता विषयमा सजग र सचेत गराउने प्रचलन जापानमा छ । जसले गर्दा कर्मचारीहरूलाई कम्पनीप्रति थप जबाफदेही बनाउन मदत पुग्दछ ।

जापानमा हेक्का राख्नुपर्ने अर्को महत्वपूर्ण पाटो भनेको आफ्नो कारणले अर्को पक्षलाई बाधा अड्चन हुन नदिनु हो । फोहोरमैला बिसर्जनका सवालमा होस् या छिमेकीलाई असर पर्ने गरी भिडभाड वा हल्लाखल्लाको मामिलामा होस् हामीले उच्च सतर्कता अपनाउन जरूरी छ । सरसफाईका सवालमा पनि जापानमा असाध्यै ध्यान दिन जरूरी छ । दिनभरिको कामबाट फर्कदै गर्दा आफ्नो शरिरबाट आएको स्मेलका कारण अरूलाई बाधा पुगेको हुन सक्छ, कतै भेटघाट वा औपचारिक कार्यक्रममा जाँदा आफ्नो गेटअप अस्वभाविक पो देखिएको छ कि यस्ता विषयमा पनि आफुले पत्तो नपाएको हुन सक्छ, थाहा हुने नजिकका साथीभाइले बेलैमा सचेत गराउनु उपयुक्त हुन्छ । सुन्दा सामान्य लागे पनि जापानमा बाहिर यसो हिडडुल गर्दा, कतै रेष्टुरेन्टमा खाना खान जाँदा, मिटीङमा बस्दा, कसैलाई भेट्न जाँदा, गाडि वा ट्याक्सी चढ्दा को, कहाँको सिटमा बस्ने भन्ने कुरोले निकै अर्थ राख्ने गर्दछ । महत्वपूर्ण ब्यक्तिको सम्मानका लागि पहिलो प्राथमिकताका आधारमा सिट निर्धारण गरिने जापानको सँस्कार निकै लोकप्रिय मानिन्छ । यस्ता विषयमा पनि हामी जानकार हुन जरूरी छ ।

प्राविधिक कारणबस फागुन १६-३१ (March 1-15) अङ्क प्रकाशन गर्न नसकिएकोमा क्षमाप्रार्थी छौं । -सम्पादक




# पत्रकारबाटै असुरक्षित पत्रकारिता

विचार

✍ संकेत कोइराला



रूसमा एक जार शासक थिए । उनको नाम थियो- काउन्ट विटी । एकदिन उनले आफ्ना सहयोगीलाई बोलाएर आफू विरूद्ध लेख्ने पत्रकारहरूको सूची तयार गर्न अह्राए । आलोचक पत्रकारहरूको सूची तयार भयो । फेरि जारले हुकुम दिए- 'छानिएका मध्ये कट्टर आलोचकहरूको अर्को सूची तयार गर ।' सहयोगीहरूले त्यसै गरे । 'के यिनीहरूलाई आजीवन कारावासको सजाय सुनाउने हो ?' सहयोगीहरूको प्रश्नको अनपेक्षित उत्तर दिंदै जारले भने- 'होइन । यी मध्ये तीन जनालाई छानेर मेरो सल्लाहकार परिषद्को सदस्यमा मनोनित गर्ने । जो कट्टर आलोचक छन, ती मेरा सही सल्लाहकार हुन् ।'

पत्रकारको प्रहारबाट पत्रकार बाँच्न मुस्किल हुन थालेको छ । कागको फुल चोरेर बनाएको अम्लेठ कागलाई नै बेच्नु पत्रकारिता हो भन्ने आम बुझाई खतराको घन्टी हो । सरकारले दिने हण्डी खान भएभरका सम्पूर्ण तेत्तिस कोटी देउदेउता भाक्ने, तामा तुलसो छुने र भएको इमान रित्याएपछि प्राप्त भेटीको बलमा लाहाको घर बनाउने दुर्योधनहरू पत्रकारितामा कलस बनेर उदाएका छन् । जिन्दगीभर त्याग, तपस्या र बलिदानबाट बनाएको व्यक्तित्व निमेषमा त्यही लाहाको घरभित्र खरानी भयो भने आश्चर्य नमाने हुन्छ । यसको क्षतिपूर्ति दिने निकाय भनेको समय मात्र हो । विधि, प्रक्रिया, कानूनले नभई सस्ता कलमहरूले स्थापित गरिदिने अतिरञ्जना संघीय लोकतन्त्रका गहना भएका छन् । मिलेर पनि नमिलेको एमाले, माओवादी र काँग्रेसका कमरेड, दाइहरू लडाउन, चर्काउन, भत्काउन भाइहरू चौबीसघण्टे ड्यूटीमा छन् । नेताहरूको अभिषेक, अर्चनाबाट उनीहरूको दिन आरम्भ र अन्त्य हुन्छ । तिर्खा लागेको माओवादी कार्यकर्ता बरू काँग्रेस कार्यालयमा पानी पिउन पस्ला, उसका लागि एमाले कार्यालय बिझाउँछ । एमालेका लागि माओवादी कार्यालय पुग्नु जारको छोराको विहेमा जन्त जानु जत्तिक्कै पीडादायी बन्ने गरेको छ । यो स्थिति ल्याउन कमरेड पत्रकारहरूको सक्रिय भूमिका छ । काँग्रेस शासनमा अक्षम भएपछि जनमत कम्युनिष्टलाई ओइरेको लाटालाई पनि थाहा छ । पाएको शक्ति र सामर्थ्य बोकाको मुखमा कुभिण्डो भएपछि विगतमा तेस्रो दलका मुखिया शेरबहादुर देउवालाई सरकारको लालपुर्जा सुम्पने कम्युनिष्टको खेलकुद कसैका आँखाबाट छिपेको छैन । पहिला पत्रकारको हातमा कलम हुन्थ्यो, अहिले लगानीकर्ता नै चिफ रिपोर्टर भएर मिडिया हाउस उदाउँछ ।

कुखुराको चल्ला चोरी, हाडनाता करणीको आरोपमा जेल परेकाहरूले जेल जीवनलाई चलाखीपूर्वक प्रजातान्त्रिक संघर्षको बलिदानमा अनुवाद गर्दा राजनीति मेनपावर व्यवसायभन्दा माथि उठ्न सकेन । राजनीति ती प्राणीका कारण बिटुलियो, जसले गाईको सिङले हानेको शरीरको खतलाई निरंकुश शासकले दिएको यातनासंग जोडेर आफूलाई हिरो प्रमाणित गर्ने दुस्साहस गरे । थुनिनु, कुटिनु, पिटिनु आधारभूत योग्यता बन्यो । राजनीतिक परिवर्तनलाई अनादर गरेको नठानियोस् तर राजनीतिक क्रान्तिमा सहादत प्राप्त गर्नेहरूको पृष्ठभूमि हेर्दा पनि थाहा हुन्छ - हाम्रो परिवर्तनको जमिन कति मजबुत छ ? राजनीतिको 'र' नबुझेका गोलीको शिकार बनेका छन् । तिनैको सपना साकार पार्न केन्द्रित राजनीतिका कारण त्यो सपना चिनियाँ लिपिजस्तै नबुझिने बन्यो । त्यसैले प्रत्येक जनक्रान्ति मानव भीडमा सीमित भयो । सहिदहरू प्रत्येक वर्ष पात्रोमा फेरिने तस्वीरका पाहुनाजस्ता भए ।

राजनीतिमा अनास्था पैदा गर्नमा सञ्चारमाध्यमले केही हदसम्म भूमिका निर्वाह गरेकै हुन् । पहिले नेता पुल्पुल्याउने पछि डस्ने रोगबाट सञ्चारजगत ग्रसित छ । नेताहरूलाई बस्त्रहीन बनाएर त्यसको मनोरञ्जन लुट्ने काइदामा लागेको नेपाली सञ्चार क्षेत्रको कठिन यात्रा शुरू भएको छ । जब देश विधिको बाटोमा अघि बढ्छ, त्यसपछि धमिलो पानीमा माछा मार्न खोज्नेहरू पाखा लाग्दै जान्छन् ।

मेनपावर र जग्गा दलालीबाट पैसाको उरूङ लगाउँदा पनि प्रतिष्ठा नबढेपछि जाँड लाग्दै गएपछि भट्टीमै पैसा उठाएर खोलिएका सञ्चार माध्यमको उपस्थिति बाक्लिँदा सञ्चारको प्रदूषण दिनप्रतिदिन बढ्न थाल्यो । उत्पादनको खर्च धान्न नसक्ने भएपछि न्यूज च्यानलको चोरी बाटोबाट जन्मिएका यस्ता टीभीहरूले प्रत्यक्ष प्रसारणका नाममा नेताहरूलाई अनावश्यक प्रस्तुत गर्दा तिनीहरूको अलोकप्रियता बढ्न मद्दत पुग्यो । समाधानभित्र समस्या निकाल्ने प्रवृत्ति बढोत्तरी हुन थाल्यो । बजारको आवश्यकताभन्दा लाज बचाउने धोतीमा उपयोग भएका यस्ता मिडियाले 'ओठमा लाली, पेट खाली' जनशक्ति उत्पादन गरे । पिपिली लाइभको व्यङ्ग्यले भारतीय सञ्चारक्षेत्रलाई झकझकायो तर नेपालमा फोटोकपी सँस्कृति हावी भयो । ६ महिनाको ज्याला साहुकोमा धरौटी राखेर ज्ञान, बुद्धि र विवेकको सिंगो महामानवमा आफूलाई प्रस्तुत गर्दा तिनीहरूको हैसियत टकिङ टमभन्दा माथि उठेन । बरू टीभीमा नदेखिँदा, पत्रिकामा बाइलाईन नलेख्दा र एफएममा नचिच्याउँदा सृष्टि टक्क रोकिन्छ भन्ने भ्रमले बास गऱ्यो । सरकारी हण्डी खाएर सरकारलाई दिनरात गाली गर्नुमा बहादुरी ठान्नेहरूको योग्यता अब विस्तारै पत्रुमा अनुवाद हुँदैछ ।

जसरी अन्य पेसामा लागेर कुस्त पैसा कमाएपछि केही व्यक्ति मान, प्रतिष्ठाका लागि सञ्चारमा लगानी गर्न ओइरिए, त्यसैगरी सञ्चारक्षेत्रमा अल्मलिएको नयाँ पुस्ताले सोच्नुपर्ने बेला आएको छ । प्रवेशमा सजिलो र इज्जत आर्जनको लोभमा यता लहसिएको त्यो पुस्ता सीपमूलक काम सिकेर त्यो सीप नेपालमै बेच्न सक्ने स्थितिमा रहन सक्छ । यदि कामलाई ठूलो सानोमा वर्गीकरण नगर्ने हो भने भूइँचालो जाँदा, नाकाबन्दी हुँदादेखि कोभिडको संक्रमणकालमा कपाल काटने नाईहरू घर फर्कदा काठमाडौंबासी कपाल काटन नपाएर जोगी हुनुपरेको यथार्थ धेरैका खोपडीमा ताजै छ । यो पनि प्राविधिक जनशक्तिको नेपालमा कति महत्व छ भन्ने उदाहरण हो । त्यसैले सम्भावना बोकेका सञ्चारकर्मीहरू आफुले आफैलाई पुनरावलोकन गरी पेसागत पुनर्निर्माणको कसीमा जोखिन जरूरी छ । पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबामाका भाइ चीनमा मजदूरी गर्छन् । खोइ, ओबामाको इज्जतमा धब्बा लागेको छैन । दलको साइनोसंग जोडेको कलमले एकदिन धोका दिन्छ । चोरेर जीविका चलाउनेले पनि चोरीलाई घृणा गर्छ । प्रकृतिको एउटा नियम के छ भने सम्भावनाको बाटो कहिल्यै समाप्त हुँदैन ।

अब सूचना कोच्याउने जमाना गए । मानिसको हातमा लाखौं रोजाई छन, जो संसारको जुनसुकै कुनाबाट छिनका छिन रोजी रोजी हेर्ने, सुन्ने क्षमता प्राप्त छ । सुनेको, जानेको, देखेको राम्रो लाग्ने जमानालाई नयाँ आएको आविष्कारले विरानो बनाउँदै लगेको छ । गल्ती भन्ने जान्दाजान्दै नेपाली मिडिया भारतीय सञ्चारको बाटोमा लाग्यो । विहान उठेदेखि बेलुका सुतेसम्म खुइल्याउने मात्र हैन, आँसुको विकल्पमा आँसु प्रस्तुत गरेर नथाक्नु अर्को चरित्र हो । युरोप अमेरिकामा पनि विपत्ति आउँछ । तर त्यहाँका मिडिया आँसु र धारेहातमा खेल्दैनन । यसको मतलव यो हैन कि त्यता मान्छेभित्र आँसु हुँदैन । बाँच्नेहरू मरेर बाँच्नु हुँदैन भन्ने सत्यबाट उनीहरू निर्देशित छन् । प्रकृतिले प्रत्येक मान्छेका लागि आफ्नै खालको प्रारब्ध तोकेको छ । यदि सतिलाई धार्मिक मान्यतासंग नजोडेर नघचेटिएको भए पतिसंगै आगोमा जल्नेहरूको संख्या शून्य हुने थियो । आवेग अन्तिम सत्य भइदिएको भए एउटाको अन्त्यसंगै जोडिएर आत्मदाह गर्नेहरूको भीडले मानव सभ्यता उहिल्यै नामेठ हुने थियो । अहिले भोगेको विपत्तिप्रति घोत्लिने हैन कि भावी पुस्तालाई यस्तो दुर्दिन देख्न नपर्ने अवस्थाको संकल्प अहिलेको आवश्यकता हो ।

२०१५ सालमा आफू प्रधानमन्त्री भएपछि बीपी कोइरालाले कम्युनिष्ट पृष्ठभूमिका पत्रकार मदनमणि दीक्षितलाई सरकारको आलोचना गर्ने सर्तमा महिनाको ६ सय दिएर 'समीक्षा' को प्रकाशन आरम्भ गराएका थिए । त्यतिमात्र होइन, सहज ढंगले दर्ता नगरिने त्यस परिस्थितिमा पत्रिका दर्ताको सम्पूर्ण प्रक्रिया पनि आफैले मिलाइदिएका थिए । पाका पत्रकार दीक्षितले आफ्नो आत्मवृत्तान्तमा पत्रिका प्रकाशनको औचित्य पुष्टि गर्दै भनेका छन्- 'मुलुकको प्रधानमन्त्री, संसदीय प्रजातन्त्रको स्तम्भ र जहाँनिया शासनको अवशिष्ट रूढिवादी शक्तिका विरूद्ध कोइरालाका विचार अनि व्यवहारलाई समर्थन गरिनेछ ।' अंकगणितमा १, १ जोड्दा २ हुन्छ । तर राजनीतिमा १, १ को योगफल प्रायः ११ हुन्छ । अघिल्लो पुस्ताका राजनीतिज्ञहरू यो सत्यसंग भलिभाँती जानकार थिए । शासन सत्ता हातमा लिएका महेन्द्रले पनि उत्तर दक्षिणका दुई छिमेकीसंग हेपिनु नपर्ने अवस्था ल्याउन केही रणनीतिक चालबाजी रचेकै हुन् । त्यसको शुरूवात उनले पहाडेलाई तराईमा बसाइँ झारेर गरे । पहाडेलाई तराई झर्नमा बन्देज लगाउनुपर्छ सम्मका आवाज उठिरहेको वर्तमान पृष्ठभूमिमा राजा महेन्द्रले त्यो सन्तुलित बसोबास प्रारम्भ नगरेको भए अहिले मुलुकले कस्तो अवस्था झेल्नुपर्थ्यो होला ? सहज अनुमान गर्न सकिन्छ । यतिमात्र हैन, दरबारकै संरक्षण र लगानीमा केही रेडिकल कम्युनिष्टहरूलाई अप्रत्यक्ष उचालेर उनले भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूलाई ठीक लगाउने सूत्रको प्रतिपादन गरे । तर आफ्नै ढोके, हुक्के, चम्चे, बैठके र छातेहरूको असहयोगको शिकार बनेका तिनै राजाको अवसान रहस्यमय ढंगले भयो । पञ्चेका नाममा हुनु नहुनु, गर्नु नगर्नुका काम तमाम भए । बदनामी राजाले खेप्नुपऱ्यो । राजा बीरेन्द्रले बाबुले कोरेकै बाटो त पछ्याए । अवधारणालाई नविकरण गर्न सकेनन् । अचाडूहरूले मधेश र पहाडको त्यो घाउ बल्झाइरहेका छन् । कामना गरौं यो घडीमा धमिलो पानीमा माछा मार्नेहरूले त्यही गर्तमा मुलुक नधकेलून ।

# फुकुओकामा नेपाल फेस्टिबल हुँदै




❑ **नेस संवाददाता**

फुकुओका – अघिल्ला वर्षहरूमा भैं यस वर्ष पनि जापानको फुकुओका सहरमा नेपाल फेस्टिबल हुने भएको छ ।

फेस्टिबल सम्पन्न गर्न फुकुओका नेपाल सोसाइटी (फुनेसो) का अध्यक्ष ईन्द्रप्रसाद घलेको संयोजकत्वमा एनआरएनए क्युस्यु क्षेत्रीय समिति, नेपाल आदीवासी जनजाती महासंघ क्युस्यु क्षेत्रीय समिति, हाम्रो नेपाल हामी नेपाली अभियान जापान र नेपाल जापान फ्रेण्डशीप लायन्स क्लबको प्रमुख आयोजना र फुकुओका स्थित अन्य संघसंस्था तथा जापानी निकायहरूको सहकार्य रहने बताईएको छ ।

आयोजक स्रोतका अनुसार फेस्टिबल आगामी अप्रिल १२ र १३ तारिखका दिन फुकुओकाको तेन्जिन सेन्ट्रल पार्कमा हुने भएको हो । नेपाली नयाँ वर्षको छेको पारेर आयोजित उक्त फेस्टिबलले नेपालको कला सँस्कृति, वेषभुषा, पहिचान, पर्यटकीय क्षेत्रको प्रवर्द्धनका साथसाथै नेपाल, जापान र जापानमा रहेका अन्य देशका नागरिकहरूलाई पनि नेपालसँग जोड्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

उक्त २ दिने फेस्टिवलमा नेपाली, जापानी र अन्य विदेशी गरी करिब १५ हजार जनाले अवलोकन गर्ने प्रक्षेपण गरिएको छ । संयोजक घलेका अनुसार फेस्टिवलमा नेपालको पहिचानको रूपमा रहेका पर्यटकीय स्थलहरूको जानकारी, नेपाली खानाका स्टल र जानकारीमुलक जापानी स्टलहरू रहने बताईएको छ । यस पटकको फेष्टिबल बिगतका बर्षहरू भन्दा फरक र आकर्षक हुने अपेक्षा गरिएको छ । फेष्टिबलमा नेपालबाट चर्चित कलाकार प्रीति आलेमगर र हेमन्त शर्माको उपस्थिति रहने भएको छ । फेस्टिबल सम्पन्न गर्नका लागि स्टेज ब्यवस्थापन, स्टल ब्यवस्थापन, प्रचारप्रसार लगायतका १२ वटा विभिन्न उपसमितिहरूको गठन गरी तैयारीलाई तीब्र पारिएको छ ।

सन् २०११ मा बैशाखे मेलाबाट सुरू भएको फुकुओका नेपाल फेस्टिबलको यस वर्ष १२ औं शृङ्खला हुन गईरहेको तात्कालिन फेस्टिबल संयोजक समेत रहेका फुकुओका नेपाली सोसाइटीका पूर्व अध्यक्ष रामकृष्ण श्रेष्ठले जानकारी दिए । नेपाल र जापानबीचको सम्बन्धलाई जनस्तरसम्म बिस्तार गर्न फेस्टिबलले महत्वपूर्ण भूमिका निर्बाह गर्दै आईरहेको श्रेष्ठले बताए ।

# गीत-संगीतलाई व्यवसायमा जोड्न नागोयामा चौतारी रोदीघर




❑ **कविकिरण न्यौपान**

नागोया – जापानमा नेपालीहरूको संख्या बढेसंगै व्यवसायमा संलग्न हुने नेपालीहरूको संख्या पनि दिनप्रतिदिन बढ्दो छ । जसअनुसार सबैभन्दा बढि रेष्टुरेन्ट व्यवसायमा नेपालीहरूको संलग्नता रहेको पाईन्छ । जापानमा नेपालीहरूद्वारा सञ्चालित रेष्टुरेन्टको संख्या करिव ५ हजार ५ सय भन्दा बढि रहेको बताईन्छ ।

जापानको तेश्रो ठूलो सहर नागोयालाई लामो समयदेखि कर्मथलो बनाउँदै आएका ब्यवसायी मनु थापाले रेष्टुरेन्ट ब्यवसाय संगै नेपाली लोक सँस्कृतिको जगेर्ना गर्न हालैबाट चौतारी रोदीघर सञ्चालनमा ल्याएका छन् । त्यसबाहेक नागोयामा उनको अरू दुईवटा नेपाली रेष्टुरेन्ट पनि सञ्चालनमा छन् । ब्यवसायसंगै नेपाली गीत-संगीत, कला र सँस्कृतिको जगेर्ना गर्न विदेशबाट भए पनि सक्दो टेवा पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले उक्त रोदीघर सञ्चालनमा ल्याईएको थापा बताउँछन् । उक्त रोदीघर नागोयाको मारूनोउचिमा अवस्थित छ । सञ्चालक थापाका अनुसार रेष्टुरेन्ट हप्ताको पुरै दिन खुले पनि रोदी भने हाललाई हप्ताको ३ दिन शुक्रवार, शनिवार र आईतवार मात्र सञ्चालन हुने गर्दछ ।

गीत-संगीतको सुमधुर आवाजमा आनन्द लिंदै नेपाली परिकारको स्वादमा रमाउन चाहनेहरूका लागि नागोयामा चौतारी रोदीघरलाई सम्भन सञ्चालक थापाको अपिल छ । करिव ६० सिट क्षमताको उक्त रोदीघरमा भोजभतेरजन्य अन्य बिभिन्न कार्यक्रमहरूका साथै बिबाह, ब्रतबन्ध, जन्मदिन, बैबाहिक वर्षगाँठ लगायतका पारिवारिक जमघट तथा सार्बजनिक कार्यक्रमहरू गर्न उपयुक्त रहेको सञ्चालकको दाबी छ । रोदीघरमा यतिबेला जापानमा रहेका नेपाली कलाकारहरूले गीत-संगीत प्रस्तुत गरिरहेका छन् । सांगीतिक कार्यक्रमका लागि भविष्यमा आवश्यकता अनुसार नेपालबाट समेत कलाकारहरू आमन्त्रण गर्न सकिने सञ्चालक थापाले जानकारी दिए ।

उसो त थापा आफै पनि एक कुशल वाद्यवादक हुन् । सारङ्गी र बाँसुरी वादनमा उनको दखलता लोभलाग्दो छ । उनी आफै सारङ्गी बनाउँछन्, आफै बजाउँछन् । मादल, हार्मोनियम जस्ता बाजामा पनि उनी पारङ्गत मानिन्छन् । सानैदेखि गीत-संगीतप्रतिको झुकाव र गहिरो अभिरूचीका कारण कुनै बेला जापानमा हुने सानाठूला साँगीतिक कार्यक्रम तथा फेस्टिबलहरूमा पुग्न उनलाई भ्याई-नभ्याई हुन्थ्यो । पुराना दिनहरू सम्भदैं थापा भन्छन् 'मलाई गीतसंगीतले डोऱ्याएर कहाँ कहाँ पुऱ्याउँथ्यो, आफुले जानेको मौलिक नेपाली लोकबाजा बजाएर नेपाली बाजाको प्रबर्द्धनमा जुटिईन्थ्यो । जापानमा यति धेरै नेपालीहरू छौं । नेपाली गीत-संगीत र मौलिक कला, सँस्कृतिका बारेमा जापानीहरूलाई बुझाउन र चिनाउन जरूरी छ ।' उनले थपे – 'आफुले पनि नेपाली गीत-संगीतलाई माया गरौं र जापानीहरूलाई पनि चिनाऔं ।

dipway JAPAN — FOR A HEALTHY WORLD
Restaurants, Food Services & Hotels
टोकियोकै एक नम्बर
Wholesale & Retail Delivery Service



इण्डियन, नेपाली, थाई, जापानी रेष्टुरेन्ट (इजाकाया) तथा हलाल फुड स्टोरका लागि आवश्यक पर्ने सबै किसिमका खाद्य तथा अन्य सामग्री सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।
सस्तो मूल्यमा गुणस्तरिय सामान र भरपर्दो सेवा

DIPWAY JAPAN FOOD SERVICE
〒123-0864, 2-26-16 Shikahama, Adachi-ku, Tokyo
Tel: 03-5837-4977, Fax: 03-5837-4987
Mobile: 090-6477-4977
www.dipway.co.jp
foodservice@dipway.co.jp

पहिलो नेपाली अन्तर्राष्ट्रिय High स्कुल
Montessori देखि +2 सम्म पढाइ हुने गुणस्तरीय शिक्षा प्रदान गर्ने पहिलो नेपाली अन्तर्राष्ट्रिय स्कुल
Cambridge Assessment International Education — Cambridge International School
YOUR CHILD DESERVES BEST EDUCATION
"HIGH GOALS FOR BETTER EDUCATION"
हाम्रा विशेषताहरू
१. छात्रवृत्तिको ब्यवस्था
२. विज्ञान तथा कम्प्युटर प्रयोगशाला
३. नेपाली तथा विदेशी शिक्षक-शिक्षिकाहरू द्वारा अध्यापन
४. IELTS/TOEFL/TOEIC तथा जापानी भाषाको नि:शुल्क कक्षा
५. कक्षा १२ को अध्ययन पश्चात जापान तथा अन्य मुलुकहरूका विश्वविद्यालय भर्नाका लागि नि:शुल्क परामर्श सेवा
६. असल संस्कारयुक्त उत्कृष्ट एवं गुणस्तरिय शिक्षा
७. पुस्तकालयको ब्यवस्था
८. डिजिटल प्रविधिको भरपुर प्रयोग



Approved by MEXT
EVEREST INTERNATIONAL SCHOOL, JAPAN
1-19-10, Ogikubo, Suginami-Ku, Tokyo, 167-0051
03-5335-7379, 03-5335-7393, 090-1084-7379
eisj.info@gmail.com
EVEREST KIDS INTERNATIONAL SCHOOL — EISJ

जापानी भिसा आवेदनका लागि हामीलाई सम्भनुहोला
हाम्रा सुविधाहरु
◈ एडुकेन (पर्मानेन्ट रेसिडेन्ट)
◈ वर्किङ भिसा
◈ जापानी पासपोर्ट (किका)
◈ परिवारका सदस्य बोलाउन
◈ अन्तर्राष्ट्रिय विवाह भिसा
Scan for website



Aikyo Immigration Lawyer Office | あいきょう行政書士事務所
〒273-0002千葉県船橋市東船橋４丁目３０番地８号サンビレッジ２０７号室
#207 4-30-8 Higashi-Funabashi, Funabashi, Chiba 273-0002
Tel: 047-409-8028, Mobile: 070-3977-8316, Fax: 047-409-2078

GMT international
DOCUMENT TRANSLATE गर्नुपर्ने छ ?
CALL NOW!
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

# गणतन्त्रवादी दल एकै ठाउँमा

❑ नेस संवाददाता

काठमाडौं – ज्ञानेन्द्रको फागुन २५ को सडक प्रदर्शनले नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र लगायतका गणतन्त्रवादी दललाई एकै ठाउँमा उभ्याएको छ । गणतन्त्र, संविधान जोगाउनकै लागि यी दलबीच कुरा मिलेको छ । एमालेको चैत ४ गते बसेको सचिवालय बैठकले ज्ञानेन्द्र शाहले अराजक गतिविधि गरिरहेको भन्दै यसलाई रोक्न गणतन्त्रवादीहरू एक ठाउँमा हुनुपर्ने निष्कर्ष निकालेको नेताहरू बताउँछन् । 'ज्ञानेन्द्रको चलखेल संविधानमाथिको आक्रमण हो, यस्तो बेला लोकतन्त्रवादी, गणतन्त्रवादी मिल्नुपर्छ,' एमालेको ठहर छ ।

कांग्रेसले पूर्वराजाको चलखेलका विषयमा धारणा बनाउन आगामी १० गते कार्यसम्पादन समितिको बैठक बोलाएको छ । माओवादी केन्द्रसहित नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र नेपाल कम्युनिस्ट पार्टीले बनाएको समाजवादी मोर्चाले गणतन्त्रको पक्षमा चैत १५ गते काठमाडौंमा बृहत् जनप्रदर्शन राखेका छन् । ज्ञानेन्द्रलाई सक्रिय बनाउन राजावादीबीच हानथाप चलिरहँदा कतिपय नेताहरू त गणतन्त्रवादीबीच सरकारमै सहकार्य हुनसक्ने समेत बताउँछन् ।

# नयाँ आइजीपीमा दीपक थापा



❑ नेस संवाददाता

काठमाडौं – सरकारले नेपाल प्रहरीको महानिरीक्षक (आइजिपी) मा दीपक थापालाई नियुक्त गरेको छ । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रमुख एआइजी थापालाई सोमबार बसेको मन्त्रिपरिषद् बैठकले संगठनको ३१ औं आइजिपीका रूपमा नियुक्त गरेको हो । संघीय प्रहरी ऐन कार्यान्वयनमा नआए थापा आगामी १८ भदौसम्म संगठन प्रमुख रहनेछन् । ऐन कार्यान्वयनमा आए थप ६ महिना अर्थात् आगामी १८ फागुनसम्म उनको कार्यकाल लम्बिनेछ । प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०७१ लाई प्रतिस्थापन गर्न संसद्मा दर्ता संघीय प्रहरी ऐन, २०८० अनुसार आइजिपीको कार्यावधि स्वतः ६ महिना थप हुने व्यवस्था छ ।

नवनियुक्त आइजिपी थापाले प्रहरीलाई प्रहरीजस्तो बनाउने आफ्नो मुख्य प्राथमिकता भएको बताएका छन् । ' प्रहरीमा धेरै समस्या छन्, 'कोअर्डिनेटिभ अप्रोच'मा अगाडि बढ्नुपर्नेछ, हालको प्रहरी कार्ययोजनालाई रिभ्यु गरेर राम्रा कामहरूलाई निरन्तरता दिइनेछ,' उनले भने, 'हुन त मेरो कार्यकाल छोटो छ, तर प्रहरीलाई कसरी साँच्चिकै प्रहरीजस्तो बनाउन सकिन्छ, त्यसमा हामी सामूहिक रूपमा अघि बढ्नेछौं ।'

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले ३० वर्षे सेवाहदका कारण अवकाश पाएपछि थापा महानिरीक्षकमा नियुक्त भएका हुन् । कुँवरसहित नौ उच्च प्रहरी अधिकारीले सोमबारदेखि अवकाश पाएका छन् ।

# तजबिज नमिल्दा राजावादी तितरबितर

❑ नेस संवाददाता



काठमाडौं – राजसंस्था पुनःस्थापनाको उद्देश्यसहित पूर्वपञ्च नवराज सुवेदीको नेतृत्वमा गठन गरिएको संयुक्त जनआन्दोलन समिति सुरूमै विवादमा परेको छ । ८६ वर्षीय सुवेदी संयोजक रहेको समितिमा बस्न राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापा र पूर्वमन्त्री केशरबहादुर विष्टले अस्वीकार गरेका हुन् ।

पूर्वराजा ज्ञानेन्द्र शाहको २५ फागुनमा काठमाडौंमा स्वागतपछि हौसिएका राजावादी समूहले सोमबार 'राजसंस्था पुनःस्थापनााका लागि संयुक्त जनआन्दोलन समिति' घोषणा गरे पनि राजतन्त्रका पक्षधर लिङ्देन, थापा र विष्टले दूरी बढाएका छन् । ज्ञानेन्द्र शाहकै चाहनामा राजसंस्था पुनःस्थापनाका लागि जनआन्दोलन समितिको नेतृत्व सुवेदीले पाएको बताइएको छ । तर, सुवेदी नेतृत्वको समितिले पूर्ण आकार नलिँदै त्यहाँ सहभागी हुन लागेका राजावादीहरू छरिएका हुन् । सुवेदीलाई कमान्डर मान्न राप्रपा र राप्रपा नेपाल तयार भएन । 'गणतन्त्र उल्टाउन नवजवान युवा चाहिने बेलामा, यो देश युवाले बनाउने बेलामा पूर्वपञ्चहरूले बनाउने होइन । अनि तिनैलाई नेतृत्व दिएपछि कहाँबाट आउँछ राजसंस्था ?' राप्रपाका एक नेताले भने, 'हिजो तुलसी गिरिलाई मन्त्रिपरिषद्को उपाध्यक्ष बनाइयो, अहिले फेरि वृद्धलाई कमान्डर पूर्वपञ्च दिमागले यो काम गर्नै सक्तैन ।' राप्रपा अध्यक्ष लिङ्देनले समितिको गठन प्रक्रियामा न पार्टी संलग्न रहेको न त आफूलाई व्यक्तिगत रूपमा सोधिएको बताए । 'राजसंस्था पुनःस्थापना, हिन्दु राष्ट्र स्थापनाका साथै संघीयता खारेजी अभियानका लागि हुने आन्दोलनमा हाम्रो समर्थन रहन्छ । राप्रपा नेपालका अध्यक्ष थापाले सुवेदी नेतृत्वको समितिमा आफू नरहेको र अभियानलाई नैतिक समर्थन रहेको बताए ।

सुवेदी संयोजक रहेको समितिको सदस्य सचिवमा राप्रपाका उपाध्यक्ष रवीन्द्र मिश्रलाई राखिएको थियो । महामन्त्री धवलशम्शेर राणा, नेताहरू पशुपति शमशेर जबरा, डा. प्रकाशचन्द्र लोहनीलाई पनि सदस्य राखिएको थियो । उनीहरूले समेत सुवेदी नेतृत्वमा बस्न नहुने निचोड सुनाए ।

# खुल्ला यौन ब्यवसायको पक्षधर कांँग्रेस नेता घिमिरेले माफी मागे

❑ नेस संवाददाता

काठमाडौं – कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले प्रतिनिधिसभामा क्षमायाचना गरेका छन् । यौन व्यवसाय खुला गरी पर्यटन प्रबर्धन गर्नुपर्ने भनी दिएको अभिव्यक्तिलाई लिएर घिमिरेले माफी मागेका हुन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकको सुरूमा नै समय लिएर प्रमुख सचेतक घिमिरेले माफी मागेका हुन् । 'चैत ३ गते विशेष समयमा व्यक्त गरेको धारणा सांसदको हैसियतले विशेष सन्दर्भमा राखेको व्यक्तिगत धारणा हुन् । यो धारणा नेपाली कांग्रेस र संसदीय दलको आधिकारिक धारणा पनि होइन,' घिमिरेले भने, 'यी विचारहरूले सम्मानित संसद्का सदस्यहरू र अन्य जनसमुदायमा समेत केहि नकरात्मक प्रभाव परेको भए म उहाँहरूको सम्मान गर्दै उहाँहरूसँग क्षमायाचना गर्न चाहन्छु धन्यवाद ।'

प्रतिनिधिसभाको बैठकमा विशेष समय लिएर बोलेका घिमिरेले देशमा रोजगारी सिर्जना र आर्थिक विकासका लागि यौन व्यवसायलाई खुला गर्नुपर्ने प्रस्ताव राखेका थिए । धार्मिक पर्यटकले पैसा खर्च नगर्ने र त्यसले देशको अर्थतन्त्रमा टेवा नदिने भएकाले अब यौन व्यवसायलाई खुला गर्न ढिलो गर्न नहुने उनको भनाइ थियो ।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला )
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT International
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरूकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला । यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो ।

Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00

कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) एइज्युकेन एप्लाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट एप्लाई गर्नुपरेमा
८) भिसा परिर्वतन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

जापानको लाइसेन्स सेन्टरमा दर्ता भएको पहिलो र एकमात्र नेपाली ड्राइभिङ्ग स्कुल
届出自動車教習所
PRABHU DRIVING School Japan
Since 2017

जेरोबाट ड्राइभिङ्ग सिकेर लाइसेन्स निकाल्न तथा नेपाली ड्राइभिङ्ग लाइसेन्सलाई जापानीमा परिवर्तन गर्न हामीलाई सम्झनुहोस् ।
DISCOUNT 10% ON DRIVING FEE
MORE INFO.
03-5937-4250
(Viber, WhatsApp OK)
080-9027-6114
080-3352-8032
090-9630-7381
TRAINING SPOT
SASHIOGI STATION, SAITAMA
埼玉県さいたま市西区宝来 84
HEAD OFFICE
SHIN OKUBO STATION, TOKYO
169-0077 東京都新宿区百人町1-11-31
新大久保ビルディング1,401
STATION: JR LINES: OKUBO/SHINOKUBO

# पोखरा-छेन्दु नियमित व्यवसायिक उडान सुरू

**❑ नेस संवाददाता**

काठमाडौं - पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट पहिलो पटक नियमित व्यवसायिक चार्टर उडान सुरू भएको छ । पोखराबाट चीनको छेन्दु सहरलाई जोड्ने यो उडान मंगलबारदेखि सुरू भएको हो । नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्ष पुगेको अवसरमा चिनियाँ राजदूतावास, सिचुवान एयरलाइन्स र पोखरा पर्यटन परिषद्को सहकार्यमा यो उडान सञ्चालन गरिएको हो । पोखराबाट तीन तथा छेन्दुबाट पोखरा १० उडान बुक भइसकेको छ । पहिलो चार्टर उडानमा १ सय २८ जना चिनियाँ कलाकारसहितको टोली पोखरा आइपुगेका छन् ।



व्यवसायीहरूले यो उडानलाई नियमित अन्तर्राष्ट्रिय उडानका रूपमा विकास गर्नुपर्ने बताउँदै नेपाल सरकारले भारतका विभिन्न सहरमा पनि उडान विस्तार गर्न पहल गर्नुपर्ने बताएका छन् । पोखरा-छेन्दु उडानले पर्यटन प्रवर्द्धन, साँस्कृतिक आदान-प्रदान तथा व्यापारिक सहकार्यलाई टेवा पुऱ्याउने विश्वास गरिएको छ ।

# तोकिएको समय अगावै पुल तयार


**❑ नेस संवाददाता**

काठमाडौं - गोरखाको पालुङ्टार नगरपालिका-९, ढुंगेटारीस्थित खारखोला पुल निर्धारित समय समाप्त हुन सात महिना बाँकी छँदै निर्माण सम्पन्न भएको छ । अठार महिनाभित्र सम्पन्न गर्नेगरी गत वर्ष चैतमा ठेक्का सम्झौता गरेको श्रीगणेश अमृत जेभी कम्पनीले गत फागुनमा निर्माण सम्पन्न गरेको हो ।

फागुनको पहिलो हप्ताभित्र पुल निर्माणको काम सम्पन्न भएको पूर्वाधार विकास कार्यालय गोरखाका प्रमुख गणेश सुवेदीले बताए । 'वैशाख र जेठमा काम भयो । असारको आधाआधी पनि काम भयो । असार, साउन, भदौ, असोज चार महिना केही पनि काम हुन सकेन,' उनले भने 'कात्तिकपछि लगातार काम गरेर चार महिनामै पुल तयार भयो । अब केही दिनभित्र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेबाट उद्घाटन गर्ने कार्यक्रम तय भएको छ ।'

समयमै काम सम्पन्न नगर्ने निर्माण व्यवसायीका लागि यो गतिलो पाठ भएको छ । 'राम्रो काम गर्नेको प्रशंसा गर्नुपर्छ, यहाँ त पाँच वर्षसम्म पनि पुल बन्न नसकेका, कति योजनाको सम्झौता खारेज गर्नुपरेका उदाहरण छन्,' कार्यालय प्रमुख सुवेदीले भने, 'तर ढुंगेटारी पुल यति छिटो बन्नु प्रशंसनीय काम हो । यसरी नै सबै योजना बन्ने होभने जिल्लाको विकास तीव्रगतिमा हुन्थ्यो ।' पच्चीस मिटर लामो र ८ दशमलव ४ मिटर चौडाइ रहेको निर्माणाधीन ढंगेटारीस्थित खारखोला पुलको लागत २ करोड ७५ लाख छ ।

# चार गुणाले बढ्यो वैदेशिक ऋण




**❑ नेस संवाददाता**

काठमाडौं - वैदेशिक ऋण दायित्व १३ खर्ब २८ अर्ब पुगेको छ, गत असारसम्म १२ खर्ब ५३ अर्ब १९ करोड रहेको यस्तो ऋण चालू आवको सात महिनामै ७५ अर्बले बढेको छ ।

विकास निर्माणमा ऋणको उपयोग हुन सकेको छैन । पछिल्लो एक दशकमा वैदेशिक ऋण भित्रिने दर चार गुणाले बढेको छ । अहिले यस्तो ऋणको दायित्व १३ खर्ब २८ अर्ब पुगेको छ, जुन कुल सार्वजनिक ऋणको ५० दशमलव ८७ प्रतिशत हिस्सा हो । गत असारसम्म १२ खर्ब ५३ अर्ब १९ करोड रहेको वैदेशिक ऋणको दायित्व चालू आर्थिक वर्षको सात महिना (माघ मसान्त) मै ७५ अर्ब पाँच करोडले बढेको छ । कुल सार्वजनिक ऋण २६ खर्ब ११ अर्ब ६ करोड पुगेको छ ।

०७१/७२ मा २९ अर्ब २६ करोड वैदेशिक ऋण आएको थियो । त्यतिखेर कुल विदेशी ऋण तीन खर्ब ४६ अर्ब थियो । ०८०/८१ मा एक खर्ब २५ अर्ब ६६ करोड भित्रिएको छ । चालु आर्थिक वर्षमा दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने सरकारको लक्ष्य थियो । तर, ६ महिनामा १९ दमशलव ०१ प्रतिशत ऋण प्राप्ति भएपछि अर्थ मन्त्रालयले एक खर्ब ८० अर्ब मात्रै उठ्न सक्ने संशोधित अनुमान गरेको छ । ०८१/८२ को ५ पुससम्म एक खर्ब ५१ अर्ब तीन करोड वैदेशिक ऋण प्रतिबद्धता प्राप्त गरेको छ । नेपाललाई ठुलो ऋण दिने बहुपक्षीय अन्तर्राष्ट्रिय निकाय विश्व बैंक हो ।

विश्व बैंक समूह अन्तर्गतका अन्तर्राष्ट्रिय विकास संघ (आइडिए) र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले धेरै ऋण दिएका छन् ।

# १७ हजार सहकारी खारेज हुँदै

**❑ नेस संवाददाता**

काठमाडौं - सरकारले कम्तीमा १५ वर्षदेखि साधारणसभा र लेखापरीक्षण नगरेका सहकारीको सबै कारोबार निष्क्रिय गर्ने भएको छ । भूमि व्यवस्थापन र सहकारी क्षेत्रको सुधार सम्बन्धमा संघीयसहित सातै प्रदेशका तालुक मन्त्रालयबिच भएको बैठकले यस्तो निर्णय गरेको हो ।

यस्ता सहकारी देशभर १७ हजारहाराहारी रहेको सरकारी तथ्याङ्क छ । कोशी प्रदेश सरकार मातहत आन्तरिक मामिला तथा कानून मन्त्रालयको संयोजनमा मोरङको विराटनगरमा आइतबार र सोमबार दुईदिने बैठक भएको थियो । उक्त बैठकले लामो समयसम्म सभा नगर्ने, लेखापरीक्षण नगर्ने, सम्पर्कमा नआउने र नियमित प्रतिवेदन पेस नगर्ने सहकारी पहिचान गरी कारोबार निष्क्रिय गर्ने निर्णय गरेको छ । निर्णयमा भनिएको छ, 'लामो समयदेखि साधारणसभा नगरेका, लेखापरीक्षण नगरेका, सम्पर्कमा नरहेका, नियमित प्रतिवेदन पेस नगरेका सहकारीहरू पहिचान गरी त्यस्ता सहकारीको कारोबारमा रोक लगाई निष्क्रिय सहकारीको सूचीमा समावेश गर्ने निर्णय गरियो ।' बैठकमा संघबाट भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीसहित सातै प्रदेशका तालुक मन्त्रालयका मन्त्री सहभागी थिए । मन्त्रालयको तथ्याङ्कअनुसार मुलुकभर करिब ३१ हजार सहकारी छन् । जसमध्ये १४ हजार मात्रै नियमित सञ्चालनमा छन् ।

सरसफाई गर्ने पार्टटाइमर चाहियो

लामो अवधि
- समय: ०७:००-१६:०० बजेसम्म (२ घण्टा ब्रेक)
- पारिश्रमिक: ८ हजार येन (प्रतिदिन)
- यातायात: दैनिक ५ सय येनसम्म
- आवासको सुबिधा, सवारी चालक र ग्रुपलिडरका लागि अतिरिक्त भत्ता

छोटो अवधि
- आवश्यकता: २०२४ अगष्ट १६ देखि १९ सम्म
- समय: २ दिनदेखि ४ दिनसम्म (सिफ्टअनुसार)
- पारिश्रमिक: न्युनतम ३ मान ६ हजार येनदेखि अधिकतम ७ मान २ हजार येनसम्म (आपसी सहमतिमा)
- अन्य सुबिधा: आवास, खाना र प्रतिघण्टा ब्रेक
- गर्नुपर्ने काम: म्युजिक फेस्टिबलमा सरसफाई तथा अनुगमन (कामको अनुभव नभए पनि हुने)

Langate Co., Ltd.
3-18-11 Nitta, Adachi-ku,
Tokyo 123-0865
050-5236-6570 (Subedi Sushil )
recruitment@langate.biz
(नेपाली भाषा उपलब्ध)

तोकुतेइ गिनोउ भिसामा
जापानमा रोजगारीको अवसर
जापानको श्रमबजारमा खुलेको नयाँ अवसर तोकुतेइ गिनोउ (विशेष सीपयुक्त कामदार - SSW) भिसामा नि:शुल्क रोजगारीका लागि इच्छुक महानुभावहरूले हामीलाई संपर्क राख्नुहोल । जापानमै रहनुभएका र नेपालबाट आउन चाहने निम्न योग्यता भएकाहरूले आवेदन गर्न सक्नुहुने छ । साथै जापानी भाषा परीक्षा र सीप परीक्षाका लागि पूर्व तयारी कक्षाका साथै आवश्यक सबै सहजीकरणको ब्यवस्था छ ।

आधारभूत जानकारी
- जापानी भाषाको एन-फोर वा सो सरहको तह उत्तीर्ण गरेको
- निर्दिष्ट १४ क्षत्र मध्य कुनै एक क्षेत्रको सीप परीक्षा उत्तीण गरेको
- माथिका दुबै वा कुनै एक परीक्षा दिनका लागि सर्पोटको आवश्यक परेमा
- यसका आधारभूत मापदण्ड र प्रक्रिया बारे बिस्तृत जानकारी चहिएमा
- नेपालमै हुनेहरूले पनि भिजिटमा जापान आएर परीक्षा दिन चाहेमा
- एन-फोर र सीप परीक्षाका लागि तयारी कक्षा धमाधम सञ्चालन भईरहेको छ

GMT INTERNATIONAL CO., LTD.
Tel/Fax : 03-5937-5314
080-4150-5314, 090-6095-5712
(License No: 19-001335)
Email: info@gmt-intl.com, Web: www.gmt-intl.com
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073

BIPASNA NEPALI PASAL
Wholesale and Retail Fancy Shop
विवाह, ब्रतबन्ध जस्ता पार्टीहरूका लागि आवश्यक पर्ने साडी, कुर्था तथा गरगहना लगायतका नेपाली-इण्डियन सामान एकैठाउँमा उपलब्ध छ । तपाईको अर्डर अनुसार डिजाइनमा कपडा तयार गरिनुका साथै हामीकहाँ कस्मेटिक तथा पूजाका सामग्री पनि उपलब्ध छ । बिपस्ना नेपाली पसललाई अवश्य सम्झनुहोला ।
070-3614-3359
03-5937-4484 | 070-8362-8092
〒169-0073 Tokyo, Shinjuku, Hyakunincho, 2-13-17 フラット・アイ103
Scan for location
FOLLOW US!

'सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा'
जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने,कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ ।
सम्पर्क
おがわ事務所
(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
軽減税率制度 (Reduced Tax Rate System) सुविधा उपलब्ध छ ।
We Accept Payment Through
भिसा सम्बन्धि सम्पूर्ण कामका लागि
OGAWA JIMUSYO
Visit Our Website

# हङकङमा 'नेपाल फेस्ट २०२५'




❑ नेस संवाददाता

काठमाडौं – हङकङमा 'नेपाल फेस्ट २०२५' हुँदैछ । 'एस अफ स्पेड्स इन्टरटेन्टमेन्ट' ले आयोजना गर्ने यो कार्यक्रम हङकङमा नेपाली सँस्कृतिको उत्सव मनाउने उद्देश्यले गर्न लागेको हो ।

'सँस्कृति र संगीतको उत्सव' शीर्षकको कार्यक्रममा नेपाली सँस्कृति, वेषभूषा, संगीत र खानाको उत्सव मनाइनेछ । सँस्कृतिअन्तर्गत नेपालका परम्परागत वेषभूषा, रैथाने पहिरनलाई कार्यक्रममा प्रस्तुत गरिनेछ । ८ हजार दर्शक अपेक्षा गरिएको यो कार्यक्रम आगामी वैशाख २० देखि २१ सम्म संचालनमा आउनेछ । कार्यक्रममा लोकप्रिय ब्यान्ड '१९७४ एडी', रचना दाहाल, ट्रियो नो ट्रेबल, अल्बट्रोस, स्वर, तृष्णा गुरूङ एण्ड कोल्याबलगायत थुप्रै सांगीतिक कार्यक्रम हुँदैछ ।

# पानीघट्ट नहुँदा ढिँडोको स्वाद हरायो

❑ नेस संवाददाता

काठमाडौं – काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-८, मल्पीका राजेन्द्र केसीको घरमा ८० वर्षसम्म पाक्दै आएको घट्टको पिठो यतिखेर सम्झना मात्र भएको छ । पुर्खौंदेखि पानीघट्ट व्यवसायमा आबद्ध उनको परिवारले बिजुलीबाट कुटानीपिसानी मिलमा कुटिएको मकैको पिठो खानु रहर नभएर बाध्यता हो ।

जोर घट्ट घुमाउने उनको परिवारको पुर्ख्यौली पेसालाई असोज १० देखि १२ गतेसम्म आएको वर्षापछिको बाढीले तहसनहस बनायो । यसपछि उनीसँगै सयौं परिवारले पाँच दशकपछि बिजुलीबाट चल्ने मिलले पिसेको मकैको ढिँडो खाएका हुन् । तर घट्टमा पिसेको पिठो जस्तो स्वाद मिलमा पिसेको पिठोको भएन । ढिँडोको स्वाद नै हराएको भन्दै ज्येष्ठ नागरिकहरूले छिटोभन्दा छिटो घट्ट पुनः घुमाउन अनुरोध गरे पनि सम्भव नै नभएको उनको भनाई छ । कुलाको बाँधदेखि नै अवरोध भएकाले तत्काल बनाउन सक्ने अवस्था नरहेको उनले बताए ।



'पानी ल्याउने कुलोको नामनिसान नै छैन, कसैले अहिले गएर हेऱ्यो भने यहाँ घट्ट थियो र भन्ने अवस्था छ,' केसीले भने । जन्मेपछि पहिलो पटक बिजुलीले चल्ने मिलले पिसेको ढिँडो खाँदा स्वाद नै पाउन नसकेको स्थानीय ज्येष्ठ नागरिक रामहरि केसीले दुखेसो गरेका छन् । बाढीले सबैभन्दा धेरै क्षति पारेको पनौती नगरपालिका-१२, भूमिडाँडामा मात्रै चार वटा पानीघट्ट बगाएको थियो । स्थानीयको रोजगारीका रूपमा रहेको पानीघट्ट बगाउँदा समस्यासँगै बिजुलीबाट चल्ने मिलमा कुटेको खानेकुरा खानुपर्ने बाध्यता छ ।

# अमिताभको वार्षिक कमाइ ३५० करोड

❑ नेस संवाददाता

काठमाडौं – बलिउडका प्रसिद्ध अभिनेता अमिताभ बच्चनले आर्थिक वर्ष २०२४/०२५ मा ३ सय ५० करोडको कमाइ गरेका छन् । यसमा उनका फिल्म, ब्रान्ड एन्डोर्समेन्ट र 'कौन बनेगा करोडपति' जस्ता कार्यक्रमबापतका आम्दानी समावेश छन् । उनले भारत सरकारलाई १ सय २० करोड रूपैयाँ कर तिरेका छन् ।

८२ वर्षमा पनि अमिताभ बच्चन निरन्तर काम गरिरहेका छन् । उनको टेलिभिजन शो 'कौन बनेगा करोडपति'को १६ औं सिजन पनि हालै समाप्त भयो । उनले आगामी १७ औं सिजनको होस्टको



रूपमा पुनः फर्किने संकेत गरेका छन् । अमिताभको पछिल्लो चलचित्र 'कल्की २८९८ एडी' मा उनले अश्वत्थामा को भूमिका निर्वाह गरेका थिए । जसमा प्रभास र दीपिका पादुकोण पनि मुख्य भूमिकामा थिए । अमिताभ यो फिल्मको दोस्रो भागमा पनि देखिने बताइएको छ ।

# उत्कृष्ट विद्यार्थीलाई भैंसी पुरस्कार

❑ नेस संवाददाता

काठमाडौं – रूपन्देहीको मायादेवी गाउँपालिकास्थित सुन्डी माविले उत्कृष्ट विद्यार्थीलाई भैंसी पुरस्कार दिने अनौठो अभ्यास गरेको छ । आर्थिक रूपमा कमजोर विद्यार्थीलाई पढाइमा प्रोत्साहित गर्न विद्यालयले १० वर्षदेखि भैंसी पुरस्कार वितरण गरिरहेको छ ।

प्रधानाध्यापक केशव पौडेलका अनुसार, अहिलेसम्म ४१ विद्यार्थीलाई भैंसी दिइएको छ । भैंसीको आम्दानीले विद्यार्थीका परिवारलाई आर्थिक सहयोग पुग्ने भएकाले अभिभावकहरू समेत छोराछोरीलाई उत्कृष्ट बनाउन प्रतिस्पर्धा गरिरहेका छन् । 'विद्यालयले उत्कृष्ट विद्यार्थीलाई भैंसी पुरस्कार दिन थालेपछि विद्यार्थी मात्र होइन, अभिभावकमा समेत आफ्ना छोराछोरीलाई उत्कृष्ट बनाउने प्रतिस्पर्धा चलेको छ,' पौडेलले भने । यस वर्ष फागुन १२ मा पुस्तक समीक्षा प्रतियोगिता आयोजना भएको थियो । कक्षा १ देखि ३ सम्म, कक्षा ४ देखि ६ सम्म, कक्षा ७ देखि ८ सम्म, कक्षा ९ र १० को छुट्टाछुट्टै समूह बनाएर समीक्षा गर्न लगाइएको थियो । विद्यालयको पुस्तकालयमा करिब ९ हजार पुस्तक छन् । तीमध्ये विद्यार्थीलाई पुस्तक छान्न दिइएको थियो । छानेको पुस्तक पढेर त्यसको समीक्षा गर्न लगाइएको प्रधानाध्यापक पौडेल सुनाउँछन् । प्रतियोगितामा पहिलो र दोस्रो हुने १० जना विद्यार्थीलाई भैंसी उपहार दिइएको हो । पुरस्कार पाउनेमा चार छात्रा छन् । 'विद्यालयमा अभिभावक सहितको भेला गरेर उत्कृष्ट विद्यार्थीलाई मुर्रा जातको ६० हजार रूपैयाँ पर्ने ब्याउने भैंसी दिएर पठायौं,' उनी भन्छन्, 'उत्कृष्ट भएका विद्यार्थीका बाबुआमा पनि निकै खुशी हुन्छन् । आफैं भैंसी डोऱ्याएर लैजान्छन् ।' विद्यालयले भैंसी पुरस्कार पाउन नसक्ने विद्यार्थीलाई पनि निराश बनाउँदैन । हरेक समूहका उत्कृष्ट सातौंसम्म हुने विद्यार्थीलाई पाँच हजार रूपैयाँका दरले नगद पुरस्कार दिने गरेको छ । भैंसी र नगद उपहार दिने रकमको जोहो दक्षिण कोरियाका पर्वतारोही उम् होङ गिल र उनका सहयोगीले गरेका छन् ।












# मुलुक पुरानो ..

पृष्ठ १ को बाँकी

प्रेमिकाहरू र पछि पति-पत्नीहरूले एक-अर्कालाई निःस्वार्थ रूपले प्रेम गर्छन्, त्यसको पनि उच्च महत्व छ। यद्यपि व्यवहारमा त्यस्तो हुँदैन। कैयौंको प्रेम स्वार्थमाथि आधारित हुन्छ। त्यसका साथै उपन्यासले अर्को प्रेमको पनि चर्चा गरेको छ। आमाको सन्तानप्रति र प्रेमी-प्रेमिकाबीचको प्रेम व्यक्तिका रूपमा हुन्छ। त्योभन्दा उच्च प्रेम हो, सम्पूर्ण समाजको प्रेम नै सबैभन्दा माथिल्लो प्रेम हो। उपन्यासले खालि पार्टीका कार्यकर्ताहरूको मात्र होइन, यसमा प्रेमी-प्रेमिकाले आफ्नो सम्पूर्ण जीवनलाई क्रान्तिका लागि समाजको हितका लागि बलिदान गरेको देखाइएको छ।

**जलजला तपाईंको पूर्व प्रेमिका थिइन्, उनैको सम्झनामा उपन्यास लेखिएको हो ?**

उनी पार्टीकी पेसेवर कार्यकर्ता हुन्। त्यतिबेला हामीले उनलाई रोल्पाको थवाङमा काम गर्न पठाउँछौं। थवाङको छेउमा जलजला छ। त्यसैका आधारमा उनको नाम राखिएको हो। यद्यपि उनको वास्तविक नाउँ विद्या ढकाल थियो। सम्पूर्ण उपन्यासलाई हेर्ने हो भने उनको प्रत्यक्ष र सक्रिय भूमिकाचाहिँ छैन। उनको वैचारिक पक्ष, क्रान्तिकारी आन्दोलनमा भूमिका आएको छ। समग्रमा यो उपन्यासले वैचारिक र दार्शनिक हिसाबले आजको विश्वको विषाक्त प्रकारको परिस्थिति उजागर गरेको छ। जलजलाजस्ता पात्र अरू पनि छन्। निर्मल लामा, चित्रबहादुर केसीहरू पनि उपन्यासका पात्र छन्। यी पात्रहरूलाई औपन्यासिक रूपमा प्रयोग गरिएको छ।

**तपाईंको जीवनससँग उपन्यासका सम्बन्ध छ ?**

मेरो वास्ताविक जीवनका धेरै घटनाहरू उपन्यासमा छन्। उपन्यासमा कल्पनाको पक्ष त हुने नै भयो। वास्तविक घटनाहरूलाई औपन्यासिक रूप दिइएको छ। नेपाल र विश्वको कम्युनिस्ट आन्दोलन, म आफू स्वयं सामेल भएका घटनाहरू उपन्यासमा आएका छन्।

**भनेपछि यसमा कम्युनिस्ट आन्दोलनलाई औपन्यासिक रुप दिइएको छ ?**

निश्चय नै नेपालको कम्युनिस्ट आन्दोलनको वैचारिक, दार्शनिक धरातल धेरै नै पतन भइसकेको छ। त्यही प्रकारले विश्व कम्युनिस्ट आन्दोलन पनि कमजोर भएको छ। दार्शनिक, वैचारिक मान्यताहरूबाट स्खलन भएको छ। मैले उपन्यासमा कम्युनिस्ट आन्दोलन कसरी कमजोर भएको छ भन्ने देखाउन प्रयत्न गरेको छु। वैचारिक र दार्शनिक पक्षबाट नेपालको कम्युनिस्ट आन्दोलन कसरी माथि उठ्नुपर्छ भन्ने मान्यता उपन्यासमा छ। उपन्यासमा नारीवादी रूपमा, दार्शनिक, वैचारिक पक्ष पनि प्रस्तुत गरिएको छ।

**उपन्यासमा पञ्चायतकालको कुरा गर्नुभएको छ, अहिलेको समयलाई कसरी जोड्ने ?**

उपन्यासको समयकाल अत्यन्त संक्षिप्त छ। करिब एक दशकको समय। २०४१ देखि आएर २०४८ सालमा समाप्त हुन्छ। यद्यपि सम्पूर्ण विश्वको व्याख्या गर्ने प्रयत्न गरिएको छ। जीवनका विभिन्न विषयहरूमाथि प्रकाश पार्ने प्रयत्न गरिएको छ। यसमा पञ्चायतकाल पनि पूरै छैन। पञ्चायतकाल २०४६ सालमा सकिए पनि उपन्यासमा सिद्धिएको छैन। पञ्चायती राज भन्ने शीर्षक नै छ। त्यतिबेला कसरी शोषण हुन्थ्यो, हत्या, बलात्कार र भ्रष्टाचार हुन्थे भन्ने विषयमा प्रकाश पार्न प्रयत्न गरेको छु। त्यसमा सुगन्धा आउँछिन्। सुगन्धाको मनमा यो बसेको हुन्छ कि, नेपाल एउटा हिन्दू राज्य हो, राजासँग थुप्रै पैसा हुन्छ, त्यसकारण उनले भ्रष्टाचार गर्दैनन्, त्यो शान्तिको देश हो भनेर उच्च सम्मान र भावनाका साथ नेपाल आएकी हुन्छिन्। तर उनले सोचेको भन्दा भ्रष्ट र तल्लो तहको अवस्था देख्छिन्। त्यतिबेलाका पत्रपत्रिकाको आधारमा पञ्चायतको चित्र प्रस्तुत गरिएको छ।

**अब राजनीतिक प्रसंगमा कुरा गरौं। अहिलेको राजनीतिक अवस्थालाई कसरी हेरिरहनु भएको छ ?**

हेर्नुस्, अहिलेको राजनीतिक अवस्था ठीक छैन। तर ठीक छैन भन्दै गर्दा पूरै यसलाई हामीले निषेध गर्न पनि मिल्दैन। यदि हामीले यसलाई पूरै गलत ठहऱ्याउँछौं भने वास्तविकता हुने छैन। किनभने अहिले हामीले अंगीकार गरेको व्यवस्था नेपाली जनताको लामो संघर्षबाट आएको हो। खास गरेर राणा शासनविरूद्ध लामो संघर्ष गर्दा कैयौं सहिदहरूले आफ्नो बलिदान दिए। उनीहरूले राणा शासनविरूद्ध लडे। त्यसपछि राजाको शासन कायम भयो। पञ्चायत शासनका विरूद्ध पनि हामीले ३० वर्ष संघर्ष गऱ्यौं। यही सबैको परिणामस्वरूप यो व्यवस्था आएको हो। यसकारण यो ठिक छैन भनेर यसलाई निषेध गरियो भने हाम्रो दृष्टिकोण प्रतिगमन र प्रतिगामी हुन जानेछ। हामीले वास्तवकितालाई नै बुझ्न सक्ने छैनौं। त्यसैले अहिलेसम्मका उपलब्धिहरूलाई स्वागत गर्दै अझ राम्रो बनाउनका लागि प्रयत्न र संघर्ष गर्नका लागि 'रिसेट' गर्नुपर्छ।

**नेपालको राजनीतिमा 'रिसेट' बटन पटक-पटक प्रयोग हुन्छ, किन ?**

म राणाशासनदेखि नै राजनीतिमा नजिक रहँदै आएको छु। २००७ सालको आन्दोलन र त्यसपछि देशमा



विभिन्न समयमा भएका संघर्षहरूको साक्षी रहँदै आएको छु। सात दशकदेखि नेपालको राजनीतिको साक्षी मात्रै होइन, सक्रिय कार्यकर्ताको रूपमा पनि रहेको छु। देशमा जुन छिटो-छिटो परिवर्तन भइरहेको छ। ००७ सालमा राजनीतिक परिवर्तन भयो, २०१७ सालमा देश प्रतिगमनतर्फ गयो। पञ्चायती व्यवस्थाकाविरूद्ध हामीले संघर्ष गऱ्यौं। त्यसपछि बहुदलीय व्यवस्था आयो। त्यसपछि फेरि प्रतिमगन आयो। त्यसकाविरूद्ध पनि हामीले संघर्ष गर्नुपऱ्यो। अहिले गणतन्त्रात्मक व्यवस्थामा हामी छौं। देश कैयौंपटक पछाडि पनि जाने गरेको छ भने पछाडि मात्रै रहने काम गरेको छैन। यसलाई अझ अग्रगमनको दिशामा अगाडि बढाउन प्रयत्न गर्नुपर्छ, संघर्ष गर्नुपर्छ।

**तपाईंहरूले नै होइन, लोकतन्त्रको उत्तम विकल्प नै लोकतन्त्र भनेको, फेरि कोसँग संघर्ष गर्ने ?**

प्रत्येक कालमा जब-जब गलत चिजहरू आउँछन्, त्यसकाविरूद्ध संघर्ष गर्नुपर्ने आवश्यकता हुन्छ। आज जुन शासन चलिरहेको छ, ती चलाउने हाम्रा साथी, नेता र कार्यकर्ताहरू नै हुन्। जोसँग मिलेर देशलाई अग्रगमनमा लैजानका लागि संघर्ष गरेका थियौं, तर अहिले तिनै मान्छेहरूमा विकृति आएको छ। उनीहरूले देश र जनताको हितमा काम गर्नुभन्दा पनि व्यक्ति र परिवारवादमा रमाइरहेका छन्। हो उनीहरूकाविरूद्ध हामीले संघर्ष गर्नुपर्छ।

**अन्त्यमा, अहिले 'गणतन्त्रमा खराबी छ' भन्दै राजावादीहरू उफ्रिएका छन् नि !**

राजावादीहरूले केही प्रयत्न गर्दै आएका छन्। ००७ सालमा बीपीमाथि हमला गराउन खोजिएको थियो भने, राजाले पञ्चायती व्यवस्था ल्याए त्यो पनि टिकाउन सकेनन्। यसैगरी ज्ञानेन्द्रले १९ महिने निरंकुश शासन चलाए पनि उनी पनि सफल भएनन्। जति-जति पश्चगमन शक्तिहरूले देशलाई पछाडि फर्काउन चाहन्छन्, त्यति देश अगाडि बढेको इतिहास छ। ज्ञानेन्द्रले बहुदलीय व्यवस्था समाप्त गरेर निरंकुश शासन गर्न खोजे परिणाम त उनकै लागि उल्टो भयो र गणतन्त्र आयो। अहिले फेरि पछाडि धकेल्न उनीहरू लागेका छन् भने देश झन् अगाडि जानेछ।

# विजयी टिममा..

पृष्ठ १ को बाँकी

उनी रहेछन भने निम्नमाद्यामिक तहमा अध्ययनरत एउटी बहिनी रहिछन्। उनकी बहिनी केहि महिना अगाडि मात्र २ हप्ताका लागि एक्लै नेपाल घुम्न गएर फर्केकी रहिछन्। स्रोतका अनुसार माबिस्तरिय फुटबलमा जापान टप बन्न सफल गुन्मा टिमका १ जना खेलाडी ताकेनोया युगा सुबेदीका बुवा पोखरा कास्कीकोटका टिकाराम सुबेदी रहेछन्। टिकाराम सुबेदीको जापानी नागरिकसंग बिबाह भई उनीबाट जन्मेका तीन सन्तान मध्यका पहिलो सन्तान उनै ताकेनोया रहेछन्। ताकेनोयाले जतिबेला जापानब्यापी हाइस्कुल स्तरिय फुटबल च्याम्पियनशीपको उपाधि चुम्दै थिए त्यतिबेला उनका बुवा यस धर्तीमा थिएनन्। उनको बुवा टिकारामको गत अक्टुबर २६ मै दुर्घटनामा परी निधन भईसकेको रहेछ।




सानैदेखि फुटबलमा औधी रूची राख्ने छोरोको ईच्छा पूरा गर्न बाबुले दिदैं आएको साथ र सपोर्ट बारे स्मरण गर्दै ताकेनोया अगाडि भन्छन् -'मेरो बुवालाई पनि फुटबल सबैभन्दा मनपर्ने खेल हो, उहाँ पनि आफ्नो समयमा फुटबलको खेलाडी भएको बताउनुहुन्थ्यो, उहाँकै साथ र सपोर्टले नै आज म यो ठाउँमा पुगेको हुँ। तर दुखको कुरा जसको प्रेरणाले म यो क्षेत्रमा आएँ र यति ठूलो सफलता हासिल गरें तर उहाँलाई नै यो खुशी बाँड्न पाईन।'

हाल १६ वर्षिया ताकेनोया पनि ३ वर्षको हुँदा नेपाल गएका रहेछन्। तर अहिले उनको मानसपटलमा नेपालको बारेमा त्यति धेरै स्मरणमा नरहेको बताउँछन्। बिहान उठेदेखि सुत्ने बेलासम्म फुटबललाई पहिलो प्राथमिकतामा राखेका ताकेनोया फुटबल प्रशिक्षणकै लागि होस्टेलमा बसेर पढाईसंगै फुटबल खेलिरहेका छन्। उनी खासमा मिड फिल्डर खेलाडी हुन् तर उनी अहिले आवश्यकता अनुसार लेफ्ट वा राइट पोजिशनमा पनि खेल्न सक्ने बताउँछन्। फुटबललाई नै जीवन सम्झेका ताकेनोयाले जापानकै नेशनल प्लेयर बन्ने सपना बोकेको बताए। अध्ययनसंगै फुटबलमा करियर बनाउन त्यति सजिलो नभएको अनुभव सुनाउँदै चाहेको बेलामा नजिकै साइतामामा रहेकी आफ्नी आमा र बहिनीलाई भेट्न जाने समय समेत निकाल्न मुस्किल हुने गरेको बताए। निकट भविष्यमै समय मिलाएर आफ्ना बुवा जन्मेको देश नेपाल घुम्न जाने ईच्छा रहेको बताउँदै उनले फुटबल खेलको माध्यमबाट नेपाल र नेपाली समुदायसंग अझ नजिक हुन पाउँदा खुशी लागेको बताए।

उनका भाइ पनि फुटबल खेलाडी नै भएकोले होस्टेलमा बसेर पढाईसंगै निगातामा फुटबल प्रशिक्षण लिईरहेका छन्। साइतामाको कुमागायामा बस्दै आएको सुबेदीको परिवारमा हाल उनकी आमा र बहिनी मात्र छन्। आफु साइतामा बस्दै आएको भएता पनि अग्रज साथीहरूको सल्लाहमा ताकेनोयाले गुन्माकेनको मायाबासीस्थित इकुयई हाइस्कुल रोजेका रहेछन्। अहिले आएर आफ्नो रोजाई ठीक साबित भएको बताउँछन्। स्मरण रहोस्, १०३ औं अल जापान हाइस्कुल फुटबल च्याम्पेनशिपको फाइनल गत जनवरी १३ मा भएको थियो। जापानभरिका ४७ प्रिफेक्चर र राजधानी टोकियाबाट थप एक गरी जम्मा ४८ टिम बिचको प्रतिस्पर्धा गत डिसेम्बर २८ बाट सुरू भई जनवरी १३ मा समापन भएको थियो।

स्मरण रहोस् ताकेनोयालाई भेट्न नेपाल युथ सकर प्रोजेक्ट सञ्चालन गर्दै आएको संस्था एनपिओ नेपायसका अध्यक्ष बसन्त गौचन, उपाध्यक्ष प्रकाश तुलाचन, इनोउय कोजुय सहित नेपाली समाचारको टोली टोकियोबाट गुन्माकेनको ताकासाकी पुगेको थियो। उक्त संस्थाको आयोजनामा यहि मार्च २९, ३० र ३१ तारिख गोतेम्बामा अण्डर १२ को फुटबल प्रतियोगिता हुँदै छ। उक्त खेलमा भाग लिन नेपालबाट बालखेलाडीहरू अर्को साता जापान आउने भएका छन्। प्रस्तोताः तिलक मल्ल (कुराकानीमा आधारित)






# यसरी पहिचान गर्न सकिन्छ, अल्कोहलिक समस्या



प्रा. डा. खाचुदा योशिआकी

टोकियो - हालैका वर्षहरूमा मदिराजन्य पदार्थको अत्यधिक सेवन र त्यसबाट उत्पन्न हुने स्वास्थ्य सम्बन्धि समस्याका कारण कार्यक्षेत्रहरूमा तरंग पैदा गर्नुका साथै पेचिलो बहसको विषय बन्दै गईरहेको छ । पेशागत जीवनमा मदिरा सेवनको प्रभावले काम गर्ने वातावरणमा बाधा पुऱ्याउँछ र यसले कर्मचारीको कार्यक्षमतामा समेत नकारात्मक प्रभाव पार्न सक्छ । मदिरा सेवन गरेर काममा जाँदा गम्भीर समस्याहरू उत्पन्न हुन सक्छन्, जसले गर्दा काम गर्ने वातावरण दूषित बन्न पुग्छ । तसर्थ मदिरा सेवन गरेर काममा जानु भनेको अनुशासनहिन र गैरजिम्मेवारी क्रियाकलाप हो ।

केही समय अगाडि जापान एयरलाइन्सका एक पाइलट मदिरा सेवन गरेर काममा उपस्थित भएको घटना सार्वजनिक भएको थियो । उक्त घटनाले जापानमा कार्यस्थलमा मदिरा सेवनबाट पर्न सक्ने असर र यसबाट उत्पन्न हुन सक्ने संभावित दुर्घटनाका बारेमा अझ गम्भीर हुनुपर्नेमा थप सचेत तुल्याएको छ । जापानमा मदिरा सेवन गरेर काममा जानुलाई अत्यन्तै गम्भीर प्रकृतिको लापरवाहीका रूपमा लिईन्छ र जसका कारण जागीरबाट हात धुनुपर्ने वा घटुवा हुनुपर्ने अवस्थालाई निम्त्याउन सक्छ ।

मदिराजन्य पदार्थको अत्यधिक सेवनका कारण उत्पन्न समस्याहरू बढ्दोक्रममा रहेको पाईएकोले यसबाट हुने समस्या र यसको असरलाई सहि ढंगले पहिचान गरी मुल्याङ्कन गर्ने उपयुक्त बिधिका रूपमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ । जसअनुसार देहायको CAGE सूत्रलाई लिन सकिन्छ ।

१. **Cut Down** (कम गर्नु): के तपाईले कुनै दिन मदिरा पिउने मात्रामा कम गर्नुपर्छ भन्ने महसुस गर्नुभएको छ ? यदि तपाईलाई यो प्रश्नको उत्तर सकारात्मक लाग्छ भने, यसको अर्थ तपाईको मदिरा सेवन केही हदसम्म नियन्त्रण बाहिर जान सक्ने संकेत हो । मदिरा सेवनलाई कम गर्नका लागि प्रयास गर्नुपर्छ भन्ने लागेको छ भने यो आत्म मुल्याङ्नको संकेत हो ।

२. **Annoy** (रिस उठ्नु): के तपाईलाई कुनै दिन मदिरा सेवनको कारण अरूको आलोचना गर्दा रिस उठेको छ ? मदिरा सेवन गर्दा अरूबाट आलोचना या टिप्पणी सुन्दा तपाईको मनमा खिन्नता उत्पन्न हुनुले पनि यो संकेत दिन्छ कि तपाई मदिरासँग बढी नजिक भएको लाग्न थालेको हुनुपर्दछ । तपाईको प्रतिक्रिया यति संवेदनशील र तीव्र हुनु भनेको मदिरा सेवनले तपाईको मानसिक अवस्थामा असर पुऱ्याउने अवस्था हो ।

३. **Guilty** (आत्मग्लानी हुनु वा चिढ्याउनु): के तपाईलाई कहिल्यै यो महसुस भएको छ कि मदिरा सेवन गर्नु गलत हो ? तपाईको चेतनाले मदिरा सेवनलाई गलत ठान्छ भने यसको अर्थ तपाईको मनमा गहिरो संघर्ष चलिरहेको छ । यदि तपाईलाई मदिरा सेवन गरिसकेपछि पछुतो लाग्न थालेको छ भने तपाईको आत्ममुल्याङ्कन सहि छ । र, यसबाट मानसिक स्वास्थ्यमा पर्न सक्ने असर बारे बेलैमा सचेत हुनुपर्दछ ।

४. **Eye Opener** (आँखा खोल्नु): के तपाईले बिहान उठ्नासाथ ह्याङ्गओभर हटाउन मदिरा पिउने गर्नुभएको छ ? यदि तपाईको दिनको आरम्भ मदिरा सेवन बिना गर्न सक्नुहुदैन भने यो धेरै गम्भीर संकेत हो । यस्तो स्थितिमा मदिरा सेवनले तपाईको दैनिकी र कार्यक्षमता प्रभावित बनाएको छ भन्ने देखाउँछ ।

माथिका बुँदाहरूको एक वा एकभन्दा बढीको उत्तर 'हो' भन्ने आउँछ भने, तपाईको जीवनशैली र मानसिक अवस्थामा मदिरा सेवनले गम्भीर असर पुऱ्याईरहेको हुनुपर्छ । यसले अल्कोहल निर्भरताको स्थितिलाई देखाउँछ । यस्तो अवस्थामा तपाईलाई मद्दत र सहयोगको आवश्यकता छ । यसपछिको कदम भनेको सहयोग खोज्नु र सुधारका लागि प्रयास गर्नु हो । त्यसैले यी र यस्ता समस्याहरूको पहिचान गर्न र संबोधन गर्न बेलैमा सचेत रहौं र एकअर्कालाई सहयोग गरौं ।

(प्रा. डा. खाचुदा खान्साइ युनिभर्सिटी अफ सोसल वेल्फेयर इण्डष्ट्रियलका हेल्थ कल्सल्ट्यान्ट हुन्)

# बाजा बजाएर आत्मनिर्भर बन्दै विद्यार्थी



❑ नेस संवाददाता

काठमाडौं - तनहुँको शुक्लागण्डकी नगरपालिका-९, स्थित तालवेसी माध्यामिक विद्यालयले व्यावहारिक शिक्षासँगै प्रयोगात्मक सीप सिकाउन थालेपछि विद्यार्थी आत्मनिर्भर हुन थालेका छन् । विद्यालयका विद्यार्थी पछिल्लो समय लोकबाजामा आत्मनिर्भर हुन थालेका हुन् ।

विद्यालयले पछिल्लो समय विद्यार्थीको क्षमतालाई पहिचान गर्दै लोक संस्कृति संरक्षण गर्ने उद्देश्यले नौमती बाजाको व्यवस्थापन गरेपछि विद्यार्थी उत्साहित भएका छन् । कक्षा ६ देखि ८ सम्मका विद्यार्थीको सक्रिय सहभागितामा विद्यालयमा तालबेसी बाजा समूह गठन गरिएको प्रधानाध्यापक ध्रुव वाग्लेले जानकारी दिए । विद्यालयको साँस्कृतिक, शैक्षिक एवं अन्य शुभकार्यमा समेत विद्यार्थीले नौमती बाजा बजाउन थालेको उनले बताए । 'व्यावहारिक शिक्षासँगै प्रयोगात्मक सीप सिकाएपछि विद्यार्थी नौमती बाजा बजाउन सक्ने भएका छन् । विद्यार्थीको प्रतिभा देखेर अभिभावक पनि दंग छन्,' उनले भने ।

कक्षा ७ का विद्यार्थी सुकबहादुर विकको संयोजकत्वमा कक्षा ७ का विद्यार्थी सुसन सुनार, सिजन विक, कृष्ण सुनार, सुदीप बैदास, निशान थापा र कक्षा ८ का विद्यार्थी रूविन बैदास, अर्विन परियार र प्रसुन पौडेल रहेको तालबेसी बाजा क्लब गठन भएको छ । सँधै किताब मात्र पढ्ने र लेख्ने गर्दा सिर्जनशील हुन नसकेको बताउँदै विद्यालयले बाजा व्यवस्था गरेपछि आफूलाई आवश्यक पर्ने सामान्य कापी, कलम किन्ने खर्च व्यवस्थापनमा सहजता भएको बाजामा संलग्न विद्यार्थी अर्विन परियारले बताए । उनले भने, 'सानैदेखि वाद्यवादन क्षेत्रमा रमाउने इच्छा विद्यालयले पूरा गराउन खोजेकामा विद्यालयलाई धेरै धन्यवाद दिन चाहन्छु ।'






Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka